स्थानीय सरकार

# ईन्द्रावती गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

नवलपुर, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

## आन्तरिक आय तर्फ मौजदातमा रहेको दहत्तरबहत्तर लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८३/०४/०१

आ.व. २०८२/०८३ को अवधिमा उत्खनन् गरि बिक्रि गर्न बाकी रहेका ढुङ्गा, गिट्टी, बालुवाको स्टक ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा (७) उत्खनन् वा सङ्कलनको परिमाण नियन्त्रण को उप-दफा -५ मा उल्लेख गरिएको आ.व. को अन्त्यमा नदी किनारा तथा वन क्षेत्रमा भण्डारण गरि राखिएको नदीजन्य पदार्थ जफत गरि लिलाम बिक्रि गर्ने व्यवस्था र यस गाउँ कार्यपालिका वैठकको मिति २०८३/०२/२५ गतेको निर्णयानुसार देहायको शीर्षकहरुमा आ.व. २०८३।०८४ को लागी ठेक्काद्वारा राजस्व असुली सम्बन्धी सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पूरा गरेका योग्य फर्महरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र **Hard Copy** मार्फत यस कार्यलयमा पेश गर्नुहुन अनुरोध छ । अन्य थप जानकारीका लागि कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

आन्तरिक आय ठेक्का विवरण

| आय ठेक्का नं. | ठेक्काको विवरण | लिलाम को लागि ठेक्का वन्दोवस्ती मार्फत निर्धारण गरिएको संकलन तथा विक्री परिमाण (घनफिटमा ) | मौजदातमा रहेको ढुंगा, गिटी, बालुवा, ग्राभेल रोडा र दहत्तर बहत्तरको विक्री दर (प्रति घन फिट) रु. | कूल न्यूनतम अंङ्क रु. (मू.अ.कर बाहेक) | धरौटी |
|---|---|---|---|---|---|
| IRMSI/GOODS/STOCK/ 082/083.01 | आ.व. २०८२/०८३ को अन्त्यमा ईन्द्रावती नदी क्षेत्रमा भण्डारण गरि राखिएको नदीजन्य पदार्थ । | ३,६६,८७१।४५ | ७।- | २५,६८,१००।१५ | कूल कबोल अङ्कको ५% ले हुन आउने रकम वा कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत |

### ठेक्का सम्बन्धी शर्तहरु :–

१. माथि उल्लेखित ठेक्काको बोलपत्र भर्दा कूल कवोल रकम अंङ्क र अक्षर दुवैमा खुलाउनु पर्नेछ । अंक र अक्षरमा स्पष्ट रुपमा नलेखिएमा उक्त बोलपत्र स्वतः रद्ध हुनेछ । उल्लेखित आय ठेक्कामा जुन कबोलकर्ताको अङ्क बढी हुन्छ सो कबोलकर्ताको बोलपत्र स्वीकृत गरिनेछ ।

२. ठेक्का अवधी मिति २०८३/०४/०१ देखि २०८३ साल भाद्र मसान्त सम्म कायम रहनेछ । ठेक्का सम्झौता उल्लेखित परिमाणगत आधारमा हुनेछ । ठेक्का सकार गर्ने पक्षले कबोल गरेको कुल कबोल अंङ्कलाई किस्ताबन्दिमा संकलन गरिनेछ । ठेक्का अवधीमा स्टक ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा (७) उत्खनन् वा सङ्कलनको परिमाण नियन्त्रण को उप-दफा -५ हुने छ ।

३. ठेक्काको कबोल अंङ्कमा थप मूल्य अभिवृद्धि कर (१३ प्रतिशत) थप गरी ठेक्का लिने फर्मले यस कार्यालयमा बुझाउनु पर्नेछ ।

४. धरौटी बापत कबोल गरेको अंङ्कको ५ प्रतिशत रकम यस कार्यालयको नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि., ईन्द्रावती शाखा, नवलपुर स्थित धरौटी खाता नं. १७३०१४०००००५५ मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट ९०+३० दिन सम्म म्याद भएको बैंक जमानत (बिड बण्डको सक्कल प्रति) बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ । धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गरिनेछैन । बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

५. बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि., ईन्द्रावती शाखा नवलपुरमा रहेको आन्तरिक राजश्व खाता , खाता नं.१७३०१४००००११६ मा दाखिला गर्नुपर्नेछ ।

६. कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र दिंदा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

८. ठेक्कामा कुनै विवाद भएमा ईन्द्रावती गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

९. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले प्रचलित नियमानुसार बोलपत्रको दस्तुर तिरी ७ औं दिन (२०८३/०४/०७) दिनको ५:०० बजे भित्र पेश गर्न पर्नेछ । ठेक्काको बोलपत्र फाराम कार्यालयको वेभ साइटबाट बोलपत्र फारम डाउनलोड गरी बोलपत्र फारमको कबोल गरेको रकम भर्ने स्थानमा कबोल रकम भरी कार्यालय समयमा बुझाउनुपर्ने छ। प्राप्त बोलपत्रहरु सोही दिन दिनको ६:०० वजे ईन्द्रावती गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ ।

१०. बोलपत्र फारामहरु दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सो को भोलिपल्ट सोही समयमा दर्ता तथा खोल्ने कार्य गरिनेछ ।

११. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुदांहरु यसै सूचनाका शर्त सरह लागु हुनेछन् ।

१२. यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पूरा नभएका बोलपत्रहरु मूल्यांकनमा समावेश गरिने छैन ।

१३. अन्य कुराहरु यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको सूचना र प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

### आय ठेक्का सम्बन्धी अन्य शर्तहरु

२. आय रकमको भुक्तानी तालिका देहाय बमोजिम हुनेछ ।

| किस्ता | किस्ता बुझाउँनुपर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | ठेक्का सम्झौता बखत | कबोल अंङ्कको ५० प्रतिशतले हुन आउँने रकम । |
| दोश्रो | २०८३ साल श्रावण मसान्त भित्र | कबोल अंङ्कको ५० प्रतिशतले हुन आउँने रकम । |

इन्द्रावती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

३. यस कार्यालयमा पेश हुन आएका बोलपत्र, बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभएपनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न बाधा पर्ने छैन ।

४. बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसायिक नवीकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपी र आ.व ०८१।०८२ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपी वा म्याद थप प्रमाण पत्र संलग्न राखी पेश गर्नु पर्नेछ ।

५. बोलपत्र फारम निशुल्क ईन्द्रावती गाउँ कार्यपालिकाको कार्यालय, नवलपुर, सिन्धुपाल्चोक वा वेवसाईटबाट प्राप्त गर्न सकिनेछ ।

६. ढुंगा, गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा विक्रीका सम्बन्धमा प्रादेशिक अनुगमन समिति, जिल्ला अनुगमन तथा समन्वय समिति, स्थानीय अनुगमन समिति र गाउँपालिकाले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

७. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका अन्य कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

८. प्रदेश सरकार/उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश  बाट जारी गरिएको नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७५ मा भएको व्यवस्थालाई पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

९. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

२०८३।४।१

दान बहादुर
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार

# ईन्द्रावती गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

नवलपुर, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

☏ ९८५१२१००१३

२०८२।१।७१

आय ठेक्का नं. :– **IRMSI/GOODS/STOCK/083/084-01**

आय ठेक्का शिर्षक :– ईन्द्रावती गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने ईन्द्रावती नदी क्षेत्रबाट आ.व. २०८२/०८३ मा संकलन भई भण्डारण गरि राखिएको (स्टकमा रहेको) ढुङ्गा, गिट्टी, बालुवा आदी विक्री शुल्क) ।

## बोलपत्र फाराम।

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, मिति :

ईन्द्रावती गाउँ कार्यपालिकाको कार्यालय

नवलपुर, सिन्धुपाल्चोक ।

विषय : बोलपत्र पेश गरेको बारे ।

तहाँ कार्यालयको मिति ................................को शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार म्यादभित्र तोकिए बमोजिमको फाराममा बोल अङ्क खुलाई देहायको कामको शिलबन्दी बोलपत्र पेश गरेको छु । बोल अङ्कको ५% धरौटी बापत हुन आउने रकम रु.................................को नगद ईन्द्रावती गाउँ कार्यपालिकाको कार्यालयको नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड, ईन्द्रावती शाखा, नवलपुर स्थित धरौटी खाता न. १७३०१४००००००५५ मा जम्मा गरेको सक्कल भौचर वा ......................................................................................................................बैंकको मिति ..........................................मा जारी गरेको मिति ..........................................सम्म म्याद भएको बीड बण्ड (काम सम्पन्न भएपछि वा ठेक्का अस्वीकृत भएपछि फिर्ता पाउने गरी) यसैसाथ संलग्न राखी तपशिल बमोजिमको ठेक्का सम्बन्धी कागजातहरु संलग्न गरी पेश गरेको छु ।

संलग्न कागजातहरु :–

१...................................................

२...................................................

३...................................................

४...................................................

५...................................................

स्थानीय सरकार
# ईन्द्रावती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
☎ ९८५१२१००१३

२०८३।१।११

## ठेक्का विवरण

ईन्द्रावती गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने ईन्द्रावती नदी क्षेत्रबाट आ.व. २०८२/०८३ मा संकलन भई भण्डारण गरि राखिएको (स्टकमा रहेको) ढुङ्गा, गिट्टी, बालुवा आदी यो ठेक्का वन्दोवस्ती मार्फत निर्धारण गरिएको विक्री परिमाण :– ३,६६,८७१।४५ घनफिट

सूचना बमोजिम न्यूनतम अङ्क (मू.अ.कर बाहेक) रु. २५,६८,१००।१५

| ठेक्का नं. | कबोल गरेको संकलन तथा बिक्री रकमबापतको कुल रकम (मू.अ.कर बाहेक) | | ५% धरौटी रकम |
|---|---|---|---|
| | अङ्कमा | अक्षरमा | |
| IRMSI/GOODS/STOCK/083/084-01 | | | |

माथि उल्लेखित ठेक्काको कबोल अंङ्कमा मूल्य अभिवृद्धि (१३ प्रतिशत) कर समेत थप गरी कार्यालयमा बुझाउनेछु ।

निवेदक

नाम,थर:–

दस्तखत :–

फर्म वा कम्पनीको नाम :–

ठेगाना :–

सम्पर्क नं:–

छाप :–